# वातावरणमैत्री र ऊर्जा खपत गर्ने परियोजना बनाउँदै छौं

■ आशिष गर्ग
कार्यकारी निर्देशक,
सेन्ट्रल पार्क, क्लिन डेभलपर्स प्रालि

● **तपाईंको बन्नलागेको परियोजना सेन्ट्रल पार्कबारे केही बताइदिनुहोस् न ?**

काठमाडौं चक्रपथभित्र सबैभन्दा ठूलो परियोजनाका रूपमा सेन्ट्रल पार्क अपार्टमेन्ट बनाउँदै छौं । विशाल बजार-भाटभटेनीमा १८ रोपनी क्षेत्रफलमा १४ तलाको अपार्टमेन्ट बनाउँदै छौं । क्लिन इनर्जी बैंकले प्रवर्द्धन गरेको यो परियोजनालाई वातावरणमैत्री नमुना परियोजनाका रूपमा प्रस्तुत गर्दै छौं ।

● **वातावरणमैत्री भनेको कस्तो हो ? अलि खुलाइदिनुस् न ?**

यो अपार्टमेन्टमा विद्युत् आपूर्तिका लागि सौर्य ऊर्जाको प्रयोग गर्ने भएकाले झन्डै ४० प्रतिशत ऊर्जा बचत हुनेछ । हामीले हरियालीलाई पनि विशेष प्राथमिकता दिएका छौं । कुल क्षेत्रफलको २६ प्रतिशत जग्गामा मात्रै आवास बनाइनेछ । बाँकी ७४ प्रतिशत क्षेत्रलाई ल्यान्डस्केप गरी हरियाली कायम गर्नेछौं । त्यसैभित्र बच्चा खेल्ने पार्क, जगिङ सेन्टर र स्विमिङ पुललगायत पनि तयार हुनेछ ।

● **यो परियोजनामा लगानी कति गर्दै हुनुहुन्छ र कति जनाले काम पाउलान् ?**

यसमा साढे २ अर्ब रुपैयाँ लगानी छ । तीन वर्षभित्र हजारभन्दा बढीले काम पाउँछन् ।

● **अपार्टमेन्टको मूल्य कति छ ?**

न्यूनतम ७५ लाखदेखि २ करोड ८० लाख रुपैयाँसम्म पर्छ ।

● **प्रतिस्पर्धा बढे पनि मूल्य घटेको देखिन्न नि ?**

गुणस्तर र अन्य सुविधामा प्रतिबद्ध हुँदा मूल्य बढी नै पर्छ । मूल्यभन्दा गुणस्तर ठूलो कुरा हो । जग्गाको भाउ बढेकाले पनि यो महँगो पर्न गएको हो ।

● **यसपछि तपाईंको आगामी परियोजना ?**

हामी कमर्सियल अफिसका लागि भवन र पूर्वाधार बनाउनेछौं । काठमाडौंमा अफिसका लागि भवनको आवश्यकतालाई मध्यनजर गरी त्यतातिर जाँदै छौं । त्यसपछि ऊर्जा बचत गर्ने खालका मध्यमस्तरका आवास निर्माणमा जानेछौं ।

● **अपार्टमेन्टमा बस्दा अतिरिक्त खर्च बढी हुने गुनासो छ नि ?**

घरमा बस्दा पनि त्यति खर्च मान्छेले गरेकै हुन्छन् । धारा, बत्ती, सुरक्षागार्ड, माली, व्यवस्थापन राख्ने परिवारले अपार्टमेन्टमा भन्दा बढी खर्च गर्नुपर्छ । अपार्टमेन्टमा महिनाको ५ हजार जति खर्च हुन्छ जुन सामान्य घरमा पनि हुने गर्छ ।

● **तपाईं आफूचाहिँ कहाँ बस्न रुचाउनुहुन्छ ? घर वा अपार्टमेन्ट ?**

अवश्य पनि मेरो रोजाइ अपार्टमेन्ट हुनेछ । सुविधा, आफूले खोजेजस्तो समाज र घर बनाउने झन्झटबाट मुक्त हुन मेरो अपार्टमेन्टमै बस्ने सोचाइ छ ।

● **बैंकिङ सुविधा कस्तो छ ?**

कुल लागतको ८० प्रतिशतसम्म बैंकले कर्जा प्रवाह गर्ने सुविधा छ । क्लिन इनर्जी बैंकलगायत सिद्धार्थ बैंक, नेपाल बैंक लिमिटेड, प्राइम कमर्सियल बैंक र माछापुच्छ्रे बैंकले यसका लागि कर्जा प्रवाह गर्नेछन् ।